ब्रह्मपुरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ब्रह्मपुरी, सर्लाही

Brahmapuri Rural Municipality

## Office of Rural Municipal Executive

Brahmapuri, Sarlahi

मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

प.सं. (Letter No.): २०८२/०८३
च.नं. (Ref. No.):

## ब्रह्मपुरी गाउँपालिकाको प्रतीक चिन्ह (लोगो) निर्माण सम्वन्धी सूचना

(प्रकाशित मितिः २०८२।११।२६ गते)

यस ब्रह्मपुरी गाउँपालिका, गाउँ कार्यपालिकाको विशिष्ट पहिचान (ऐतिहासिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक) झल्कने प्रतीक चिन्ह (लोगो) बनाउने गाउँ कार्यपालिकाको मिति २०८२/०९/०६ गतेको निर्णयानुसार इच्छुक व्यक्तिले तपशिलका शर्त बमोजिमको प्रतिक चिन्ह (लोगो) डिजाइन गरी १५ (पन्ध्र) दिन भित्र सिलबन्दी रुपमा यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै उत्कृष्ट लोगो निर्माणकर्तालाई नगद रु.३०,०००/- पुरस्कारको व्यवस्था गरिएको व्यहोरा समेत जानकारी गराइन्छ ।

शर्तहरु

(१) प्रतीक चिन्ह (लोगो) सम्वन्धीः

(क) ब्रह्मपुरी गाउँपालिकाको ऐतिहासिक, भौगोलिक, प्राकृतिक, सामाजिक, आर्थिक, पर्यटकीय, साँस्कृतिक एवम् विशिष्ट मौलिक पहिचान झल्कने हुनु पर्नेछ ।

(ख) नेपालको झण्डा र गाउँपालिकाको नाम अनिवार्य समावेश हुनु पर्नेछ ।

(ग) कुनै पनि धार्मिक, जातीय तथा साम्प्रदायिक विभेद झल्कने, सामाजिक सद्भाव खलल पुग्ने तथा नेपालको सार्वभौमिकता, एकता र अखण्डतामा प्रतिकूल असर गर्ने संकेत प्रयोग गर्न पाइने छैन ।

(घ) प्रयोग गरिएका संकेतहरुको संक्षिप्त व्याख्या गर्नुपर्नेछ ।

(ङ) बहुरंग छपाइ गरी प्रयोगमा ल्याउन सकिने हुनु पर्नेछ ।

(च) मौलिक एवम् अन्यत्रबाट नक्कल नगरिएको हुनु पर्नेछ ।

(२) लोगो कम्तीमा ३०० dpi भएको JPEG, PNG वा Pdf Format मा हुनु पर्नेछ ।

(३) लोगो निर्माण गर्दा नेपाल सरकारको निशान छापको मापदण्ड बमोजिम निर्माण गर्नु पर्नेछ ।

(४) प्रतीक चिन्ह छनौट सम्बन्धी सम्पूर्ण अधिकार गाउँ कार्यपालिकाको कार्यालयको हुनेछ । छनौट भएको प्रतीक चिन्हको सर्वाधिकार गाउँपालिकामा रहनेछ र उक्त प्रतीक चिन्ह अन्यत्र प्रयोग गर्न पाइने छैन ।

(५) प्राप्त भएका कुनै प्रतीक चिन्हहरुमा आवश्यक परिमार्जन गर्न आग्रह गरिएमा सो अनुसार परिमार्जन गरिदिनु पर्नेछ ।

(६) लोगो पेश गर्दा डिजाइन कर्ताले अनिवार्य रुपमा नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

२०८२।११।२६

.............................

धनन्जय प्रसाद दास

प्रमुख प्रशासकीय अधिकृत